# वार्षिक प्रगति प्रतिवेदन

२०८०/२०८१

**मेरुदण्डीय पक्षघात समुह नेपाल**

**गोकर्णेश्वर न. पा. ०८ माकलवारी**

**काठमांडौ ।**

**प्रस्तोता**
केशव थापा
महासचिव

**श्री अध्यक्षज्यू ,**

आज मिति २०८१ साल भदौ १५ गते शनिबारको दिन यस संस्थाको नवौं बार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, कार्यसमितिका पदाधिकारीज्यूहरु, आजिवन सदस्यज्यूहरु यस सस्थाका सल्लाहकार तथा सरक्षंकज्यूहरु र आजको यस कार्यक्रममा सहभागी हुनुभएका सम्पुर्ण महानुभावज्यूहरु सबैजनालाई सस्थांको तथा मेरो व्यक्तिगत तर्फबाट नमस्कार । अब म यस सस्थांको आर्थिक बर्ष २०८०/२०८१ मा संस्थाले सम्पन गरेका क्रियाकलाप, उपलब्धी, तथा आगामी बर्षका योजनाहरु प्रस्तुत गर्न गई गइरहेको छु ।

**संस्थाको परिचय**

मेरुदण्डीय पक्षघात समुह नेपाल (SCI Network Nepal) बि.सं. २०७२ सालमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुद्धारा स्थापना भएको एक मुनाफारहित सामाजिक संस्था हो । यस संस्थाले मेरुदण्ड पक्षघात सम्वन्धी वकालत साथै उनीहरुलाई शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रुपमा सक्रिय र स्वावलम्वन बनाउने, मेरुदण्ड पक्षघात भएका विद्यनर्थीहरुको शिक्षा र राज्यबाट प्राप्त हक अधिकार सुनिश्चित गराउन र अपाङ्गता सम्बन्धि काम गर्ने उद्देश्यले यो संस्था जि.प्र.का. दर्ता नं. १३३/२०७२ र समाज कल्याण परिसद् दर्ता नं. ४२०३६/०७२ मा दर्ता भई सञ्चालित छ ।

**सस्थाका उदेश्यहरु :-**

- मेरुदण्ड पक्षघात भएका बिद्यार्थिहरुलाई पहुँचयूक्त छात्रवासको व्यवस्था गरि शिक्षा तथा सिपमुलक तालिम प्रदान गर्ने ।
- जनसमुदायलाई मेरुदण्ड पक्षघात सम्बन्धि जनचेतना प्रदान गरी पहुँचयुक्त वातावरणको निर्माण साथै अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सोचाइमा सकारात्मक परिर्वतन ल्याउने ।
- मेरुदण्ड पक्षघात भएका बालबालिकाको अभिभावकहरुलाई उनीहरुको छोरा-छोरीहरुको उज्वल भविश्यमा सहयोग पुऱ्याउने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शिक्षा, अनुसन्धान लगाएत अन्य आवश्यकीय विषयहरुमा सहयोग पुऱ्याउने ।
- सरकार तथा विभिन्न सरोकारवला संघ-संस्थाहरुमा शिक्षा, स्वास्थ्य, खेलकुद, रोजगार तथा पहुँययुक्त वातावरणको निर्माणमा पहल गर्ने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद तथा विभिन्न क्रियाकलापहरुमा सहभागि गराउने ।
- अपाङता ऐन कार्यान्वयनमा पहल गर्ने साथै पहुँचयुक्तता सम्बन्धी वकालत तथा पैरवी लगायतका क्रियाकलायहरु गर्ने ।
- अन्तराष्ट्रिय अपाङ्गता महासन्धि कार्यान्वयनमा पहल गर्ने ।

## यस आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमहरु

यस मेरुदण्डीय पक्षघात समुह नेपाल आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका क्रियाकलाप तथा कार्यहरु यसप्रकार रहेका छन ।

| क्र.स. | मिति | कार्यक्रमहरु/विवरण |
|---|---|---|
| १. | २०८०/०४/१४ | ***श्रीमान सचिवज्यू सगँ छलफल***<br><br>महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव श्री सुमन राज अर्यालज्यू सँग मेरुदण्ड पक्षघात भई अपाङ्गता भएका विद्यार्थीहरुको अवस्था, अपाङ्गताका सवालहरुका विषयमा यस मेरुदण्डीय पक्षघात समुह नेपालको कार्यालयमा छलफल गरियो । पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरु, अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुले स्वास्थ्यमा भोग्नु परेको समस्या, उपयुक्त सहायक सामाग्रीको अवस्था तथा नेपालमा मन्त्रालयको पहलमा कसरी सहायक सामाग्री उत्पादन गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो । |
| २. | २०८०/०४/२७ | ***अन्तराष्ट्रिय युवा दिवश तथा मैत्रीपुर्व ह्वीयचियर बास्केटबल आयोजना***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले यस संस्थाका सल्लाहकार डा. राजु ढकालज्यू सँगको सहकार्यमा अन्तराष्ट्रिय युवा दिवश २०२३ को उपलक्ष्यमा अमेरिकी प्रतिनिधीहरु, ह्वीलचियर रग्बी खेलाडी, ह्वीलचियर बास्केटबलका कोच लगायतका प्रतिनिधीज्यूको उपस्थितिमा गोकर्णेश्वर नगरपालिका वडा नम्बर ७ मा अवस्थित नामी कलेजमा टिम नेटवर्क तथा टिम आर्मी बिच मैत्रीपुर्ण ह्विलचियर बास्केटबल खेल आयोजना गरियो । |
| ३. | २०८०/०४/३१ | ***चन्द्रागिरी भम्रण***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको लागि हिमालयन सर्किट मार्फट २ हप्ताको लागि आउनु भएका स्पानिस नागरिक हेजुस लुनाले २ हप्ताको स्वंयमसेवक काम यस सस्थांमा कुशलतापुर्वक गर्नूभएको थियो । उहाँले आफ्नो स्वंयमसेवकको समय सकिएपछि यस मेरुदण्डीय पक्षघात समुह नेपालले सन्चालन गरिरहेको मेरुदण्ड पक्षघात भएका विद्यार्थीहरुको लागि आवास (होस्टेल) घरमा आवासिय विद्यार्थीहरुलाई निज स्वंयमसेवकज्यूको सहयोगमा चन्द्रागिरी भ्रमणको कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमा होस्टेलमा आवासिय विद्यार्थीहरु, कार्यसमितिका पदाधिकारीहरु तथा हिमालयन सर्किटका प्रतिनिधीहरुको सहभागिता रहेको थियो । |

| | | |
|---|---|---|
| ४. | २०८०/०५/०४ | ***सम्मान कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालय***<br><br>विभिन्न कारणले मेरुदण्ड पक्षघात भएका विद्यार्थीहरुको शिक्षा रोजगारी तथा समाजमा पुनस्थापना गराउन पुऱ्याउन भएको विशेष योगदानको उच्च कदर गर्दै आज नेपाल प्रहरी श्रीमती सघंको ३९औं भव्य वार्षिकोत्सव समारोहमा मेरुदण्डीय पक्षघात समुह नेपालका अध्यक्ष श्री ऋषिराम ढकालज्यू नेपाल प्रहरीका महानिरीक्षक श्री वसन्त बहादुर कुवँरज्यूबाट सम्मानित हुनु भएको थियो उक्त सम्मान सस्थांको लागि पनी गौरव रहेको । उक्त कार्यक्रममा सामाजिक कार्यमा सक्रिय विशिष्ट महानुभावहरु डा. सन्दुक रोहित सपना मगर लगायतका व्यक्तित्वहरु सम्मानित हुनुभएको थियो । |
| ५. | २०८०/०५/०९ | ***आठौं बार्षिक साधारण सभा तथा चौंठो अधिवेशन***<br><br>गोकर्णेश्वर नगरपालिकाका उप प्रमुख श्री सान्नानि लामाज्यूको प्रमुख आतिथ्यतामा मेरुदण्डीय पक्षघात समुह नेपालको आठौं बार्षिक साधारण सभा तथा चौथो अधिवेशन नेपाल अपाङ्ग संघको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अतिथीहरुमा मेरुदण्डीय पक्षघात समुह नेपालका सल्लाहकार तथा स्पाइनल इन्जुरी पुनस्थापना केन्द्रका मेकिल निर्देशक डाक्टर राजु ढकालज्यु, नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद सघंका महासचिव दिलिप सापकोटाज्यू, मेरुदण्डीय पक्षघात समुह नेपालका का कानुनी सल्लाहकार दिपकराज जोशीज्यु, यस संघका संस्थापक उपाध्यक्ष तथा सल्लाहकार बाबुराम मिश्रज्यु, सल्लाहकारहरु कृष्ण खड्काज्यु, असोक मानन्धरज्यु, कोष विलास अधिकारीज्यु, आजिवन सदस्यहरु तथा अन्य व्यक्तिहरू सहित ४० जना भन्दा बढीको सहभागिता रहेको थियो । उक्त भेलाले श्री ऋषिराम ढकालज्यूको अध्यक्षतामा ११ सदस्यिय कार्यसमिति निर्विरोध रुपमा चयन गरेको थियो जसमा उपाध्यक्ष श्री झरना कुमारी राकसकोटी, महासचिव श्री केशव थापा, सचिव श्री राजेन्द्र खनाल, कोषाध्यक्ष श्री कृष्ण प्रसाद भण्डारी, सदस्यहरुमा, श्री हिमाल अर्याल, श्री राम बहादुर तामाङ, श्री लक्ष्मी कुँवर, श्री संगिता माझी, श्री निर्मला भण्डारी, श्री प्रकाश थापा । |

| | | |
|---|---|---|
| ६. | २०८०/०५/१६ | ***सडक सुरक्षा सम्बन्धी कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले नेपाल साइकल सोसाइटी सगँको संयुक्त आयोजनामा मिति २०८० भदौ १६ गते बिहान ७:३० देखी ९:३० बजे सम्म माइतिघर मण्डलामा साईकलमैत्री, अपाङतामैत्री र पैदलमैत्री सडक तथा मापदण्ड अनुसारको फुटपाथको निर्माण, विकास, विस्तार वा सो सम्बन्धी निति नियमावलीहरुको प्रभावकारी कार्यान्वयन माग गर्दै बृहत नागरिक भेला आयोजना गर्न गई रहेको हुदाँ उक्त कार्यक्रमको आयोजना गरेको थियो । स्वतन्त्र र सुरक्षित आगमन सबैको अधिकार हो भन्ने मुल नाराको साथमा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथी सम्मानानिय उप सभामुख रहनु भएको थियो भने यक्त कार्यक्रममा सडक सुरक्षा सम्बन्धी सडक नाटक पनि प्रस्तुत गरिएको थियो । |
| ७. | २०८०/०५/२४ | ***Tetote जापानका प्रतिनिधि सँग छलफल***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको कार्यालयमा Tetote जापानबाट आउनु भएका अतिथी साचिको आशानोमीज्यू सँग सस्थांगत सहकार्यका विषयमा छलफल गरियो । विशेष गरि मेरुदण्डीय पक्षघात भएका व्यक्तिहरुको लागि आवश्यक सहायक सामाग्री तथा आय आर्जनमुलक कार्यमा कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । |
| ८. | २०८०/०५/२४ | ***माननिय पर्यटन मन्त्रीज्यूलाई ज्ञापन पत्र पेश***<br><br>मेरूदण्डीय पक्षघात समूह नेपालका पदाधिकारीहरु र हिमालयन सर्किट, AccessibleNepal.com का प्रतिनिधी पहुँचयुक्त पर्यटन विज्ञ शिव रिमालज्यू लगायतका टिमले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका माननीय मन्त्री सुदन किरातीज्यूसँग भेटी नेपालमा पहुचयुक्त पर्यटन विकास र प्रबर्द्धनको लागि सबै पर्यटन गन्तव्य स्थलहरू मानव मैत्री बनाउनु पर्ने विषयमा जानकारी सहित ज्ञापन पत्र पेश गरियो । |

| | | |
|---|---|---|
| | | |
| ९. | २०८०/०५/२९ | <u>**हरितालिका तिज तथा सांस्कृतिक कार्यक्रम**</u><br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले हरितालिका तिज २०८० को उपलक्ष्यमा अपाङता भएका दिदिबहिनिहरुको तिज बिशेष सास्कृतिक तथा दर खाने कार्यक्रम मिति २०८० भदौ २९ गते शुक्रबारको दिन नेपाल अपाङ संघको सामुदायिक हलमा सम्पन्न गरेको थियो ।<br><br>मेरुदण्डीय पक्षघात समुह नेपाल, नेपाल अपाङ संघ खगेन्द्र नवजिवन गृह, बि.आइ.ए. इन्टिच्युट, नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ लगायतमा आवद्ध तथा गोकर्णेश्वर नगरपालिकामा स्थायी तथा अस्थाई रुपमा बसोबास गर्दै आइरहनु भएको ६५ जना अपाङता भएका महिला दिदि बहिनी तथा उहाँहरुको सहयोगीहरुको उपस्थिति उक्त कार्यक्रममा रहेको थियो । यस मेरुदण्डीय पक्षघात समुह नेपालको उपाध्यक्षज्युले कार्यक्रममा उपस्थित सम्पुर्ण व्यक्तिहरुलाई स्वागत गर्नु भएको थियो । विभिन्न कारणले अपाङता हुन पुगेका शारिरिक तथा दृष्टीविहिन अपाङता भएका महिलाहरुको उपस्थिति रहेको कार्यक्रममा अधिकांश स्पाइनल इन्जुरीको कारण ह्वीलचियरमा बस्ने महिला दिदि बहिनीहरुको उपस्थिती रहेको थियो ।<br><br>शुक्रबारको दिन आयोजित उक्त कार्यक्रम दिउसौं १ बजे देखी सुरु भएको उक्त कार्यक्रम १ बजे देखी ४ बजे सम्म विभिन्न तिजको गितमा नाचगान कार्यक्रम भएको थियो भने ४ बजे देखी ५ बजे सम्म दर खाने कार्यक्रम भएको थियो । आयोजक मेरुदण्डीय पक्षघात समुह नेपालले अनुमानित ७० जनाको लागि महालक्ष्मी क्याटरिङ मार्फत विभिन्न स्वादिष्ट परिकारको व्यवस्था गरको थियो । |
| १०. | २०८०/०७/१७ | <u>***मैत्रीपूर्ण ह्विलचियर बास्केटबल खेल आयोजना ऐभरेष्ट स्कुल***</u><br><br>अपाङ्गता सम्बन्धी स्कुल तथा कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदको माध्यमबाट सचेतना जगाउने, अपाङ्गता भएका व्यक्तिहरुपनि विभिन्न खेलहरु खेल्ल सक्दछन भन्ने कुरा खेलकुदकै माध्यमबाट जानकारी गराउने उद्देश्यले यस संस्थाले भक्तपुर नगरपालिकामा वडा नमबर ०२ मा अवस्थित एभेरेष्ट स्कुलमा टिम नेटवर्क तथा टिम आर्मी बिच मैत्रिपुर्ण ह्वीलचियर बास्केटबल आयोजना गरियो । उक्त कार्यक्रमको प्रमुख अतिथी सोही नगरपालिकाका उप प्रमुखज्यू रहनु भएको थियो । |
| | | |

| | | |
|---|---|---|
| ११. | २०८०/०७/१९ | ***ध्यानाकर्षण कार्यक्रम***<br><br>मिति २०८० कात्तिक १९ गते काठमाडौं महानगरपालिकाको सार्वजनिक संरचना निर्माण विभागका प्रमुख श्री राम बहादुर थापाज्यूलाई भेटेर महानगरपालिकाले निर्माण, व्यवस्थापन तथा पुन निर्माण गर्दै गरेको फुटपाथलाई पुर्ण अपाङ्गतामैत्री संरचना निर्माणको विषयमा साथै निर्माण भइरहेका फुटपाथमा देखिएका कमि कम्जोरी लाई तत्काल समाधान गरी मापदण्ड अनुसारको पुर्ण अपाङ्गता मैत्री निमार्ण गर्न ध्यानाकर्षण गरियो । |
| १२। | २०८०/०८/१७ | ***अन्तराष्ट्रिय अपाङ्गता दिवश सेलिब्रेसन***<br><br>अपाङ्गता भएका व्यक्तिको ३२ औं अन्तर्राष्ट्रिय दिवस“दिगो विकास लक्ष्य प्राप्तिको प्रतिवद्धताः अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यवद्धता“ भन्ने नारा सहित २०२३ को अन्तराष्ट्रिय अपाङ्गता दिवश मेरुदण्डीय पक्षघात समुह नेपालले भक्तपुर नगरपालिका सगँ सहकार्य गरि सोही नगरपालिकाको खोपा कलेजमा बि.आइ.ए र नेटवर्क बिच महला तथा नेटवर्क र आर्मी पुरुष टिम बिच मैत्रीपुर्ण खेल प्रर्दशन कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका मेयरज्यू ,उपमेयरज्यू तथा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको उपस्थित रहेको कार्यक्रमा ५०० जना भन्दा विद्यार्थीहरुले उक्त खेल प्रर्दशनको अवलोकन गर्नुभएको थियो । |
| १३. | २०८०/०८/२४ ,२९ | ***त्रिभुवन विश्व विद्यालयमा वकालत कार्यक्रम***<br><br>नेपालका शैक्षिक संस्थाहरू अपाङ्गतामैत्री छैनन् । अपाङ्गमैत्री हुनु त परको कुरा ह्विलचेयर प्रयोग गर्न सक्ने व्यक्तिहरूका लागि र्‍याम्पको व्यवस्था, कक्षाकोठासम्म ह्विलचेयर जान सक्ने ढोका र कक्षाकोठाभित्र अरूलाई अप्ठ्यारो नहुने गरी ह्लिलचेयर राख्ने ठाउँ, बाथरुमभित्र ह्विलचेयर लैजान मिल्ने अवस्था र मैत्रीपुर्ण शौचालयको अभावको कारण अपाङ्गता भएका विद्यार्थीहरूलाई पढ्ने वातावरण सहज हुन सकिरहेको छैन । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसरभित्र नयाँ नयाँ भवनहरूको शिलान्यास र निर्माण भइरहेको । त्रि. वि. केन्द्रीय पुस्तकालयको निर्माणाधीन नयाँ भवन (गान्धी भवनअगाडि) मा अपाङ्गमैत्री संरचनाको व्यवस्था गरिएको छ कि छैन? अर्थशास्त्र केन्द्रीय विभागको नवनिर्मित भवन होस् वा व्यवस्थापन केन्द्रीय विभागको निर्माणाधीन भवन होस्। सबै भवनहरू ह्विलचेयर प्रयोगकर्तामैत्री हुनु आवश्यक छ । मेरुदण्डीय पक्षघात समूह नेपालका उपाध्यक्ष श्री झरना राणाज्युको नेतृत्वमा त्रिभुवन विश्वविध्यालयका |

| | | |
|---|---|---|
| | | उपकुलपति Prof. Dr Shivalal Bhusal ज्यू , मानविकी संकायका Principal Dr. Dhyanendra Bahadur Rai ज्यू त्रिवि स्वतन्त्र बिद्यार्थी युनियनका सभापति Shyam Raj Ojha ज्यू मानबशास्त्र संकायका Department head Dr . Binod Pokharel ज्यू, Dr. Janak RaiHo , Dr. Suresh Dhakal ज्यू Dr Man Bahadur Khatri ज्यू लगायतका प्रतिनिधिज्यूहरु सगँ भेटी त्रिभुवन विश्वविद्यालय परिसर, विभिन्न निकायका कक्षाकोठा पूर्णरूपले अपाङ्गता मैत्री हुनुपर्ने बिषयमा ध्यानाकर्षण पत्र बुभाइयो । सबै निकायको प्रमुखज्युहरुबाट यस विषयलाई तत्कालै कार्यान्वयनमा लाने प्रतिबद्धता व्यक्त गर्नु भयो । भाषा विज्ञान संकायका सहप्राध्यापक डां. कर्ण खतिवडाज्यूले यस कार्यको लागि संयोजन गरिदिनु भएको थियो । |
| १४. | २०८०/०९/०९ | ***रोजगारी सम्बन्धी परामर्श तथा छलफल कार्यक्रम***<br><br>अपाङ्गता भएका व्यक्तिहरुको आवागमनको समस्या, अपाङ्गतामैत्री संरचनाको अभाव लगायत विभिन्न कारण दक्षता क्षमता योग्यता हुदा हुदै पनि रोजगार पाउन सकिरहेका छैनन । यसै सन्दर्भमा अनलाईन मार्फत कसरी रोजगारीमा सहभागी गराउन सकिन्छ भन्ने विषयमा CloudFactory का Recruitment Specielist सक्षम जोशि लगायतका प्रतिनीधीज्यूहरु सगँ यस सस्थांको कार्यालयमा छलफल कार्यक्रम आयोजना गरियो । |
| १५. | २०८०/०९/१६ | ***अङग्रेजी नया बर्ष तथा Outdoor educational Program को सम्बन्धमा छलफल***<br><br>अङग्रेजी नया वर्ष २०२४ को अवसरमा Freedom Social Foundation का प्रतिनिधिहरु सँग शुभकामना आदान प्रदान तथा पहिलो र दोस्रो Outdoor Educational Program को समिक्षा तथा भावी कार्यक्रम कसरी कहिले कता गर्न सकिन्छ सो बारेमा छलफल गरियो । |
| १६. | २०८०/१०/१३ | **चौथो गोकर्णेश्वर नगर स्तरीय ह्वीलचियर दौड प्रतियोगिता**<br><br>राष्ट्रिय शहिद दिवस २०८० को उपलक्ष्यमा मेरुदण्डीय पक्षघात समूह नेपालको आयोजना र गोकर्णेश्वर नगपालिकाकरो सहयोग तथा राष्ट्रिय सहिद तथा शान्ति पार्कको सहकार्यमा चौथो गोकर्णेश्वर नगर स्तरीय ह्वीलचियर दौड प्रतियोगिता भव्यरुपमा सम्पन्न गरिएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथि गोकर्णेश्वर नगरपालिकाका मेयर श्री दिपक रिसालज्यू, अतिथिहरुमा राष्ट्रिय सहिद तथा शान्ति पार्कका अध्यक्ष श्री सुदर्शन सिग्देलज्यू, एसआइआरसीका मेडिकल डाइरेक्टर तथा मेरुदण्डीय पक्षघात समूह नेपालको सल्लाहकार डा.राजु ढकालज्यू गोकर्णेश्वर नगरपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख श्री रामनारायण शाहज्यू, गोकर्णेश्वर नगरपालिका |

| | | |
|---|---|---|
| | | युवा तथा खेलकुद विकास समिति अध्यक्ष श्री सन्जय लामाज्यू, वि आइ ए फाउण्डेसनका सचिव श्री ङवाङ् छिरि शेर्पाज्यू, राष्ट्रिय अपाङ्ग महासंघका सदस्य, ट्राफिक प्रहरिका बरिष्ठ प्रहरि सहायक निरक्षक मेरुदण्डीय पक्षघात समूह नेपालको सल्लाहकार असोक मानन्धरज्यू लगायतका उपस्थिति रहेको थियो । महिला पुरुष गरि ६९ जना ह्वीलचियर प्रयोगकर्ताले भाग लिएको उक्त कार्यक्रमम पुरुष तर्फबाट रमेश खत्री, रामकाजी मिजार, सन्तोष कार्कि क्रमशः प्रथम द्धितिय र तृतीय भएका थिए भने महिलातर्फ प्रथम ऐश्वर्य कुमारी कुमाल, द्वितीय पेमा गुरुङ र तृतीय सिर्जना सार्की भएका थिए । |
| १७. | २०८०/१०/२० | ***<u>मैत्रीपुर्ण ह्विलचियर बास्केटबल प्रतियोगिता पूनर्मिलन कार्यक्रम</u>***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको उपाध्यक्ष झरना रानाज्यूले आफ्नो दोस्रो जन्मको १० बर्षको उपलक्ष्यमा हाम्रो संस्थाले सन्चालन गरिरहेको होस्टेलमा आवासिय तथा होस्टेलका पुर्व विद्यार्थीहरुबिच पुर्नमिलन तथा मैत्रीपुर्ण ह्वलचियर बास्केटबल खेल नामी कलेजमा आयोजना गर्नुका साथै सम्पुर्ण विद्यार्थीहरुको लागि ए क्याफेमा मनोरन्जनात्मक भेटघाट कार्यक्रम सम्पन्न गरियो । |
| १८. | २०८०/११/०४ | ***<u>Organizational Development Assessment Program</u>***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले **DRF/DRAF 2024 Project Grant 55258494**<br>**To amplify voices of most marginalized and under-represented disability groups**<br>**(Indigenous peoples, severe persons with disabilities) through movement building, political**<br>**participation and accessibility in Nepal'** नामक परियोजना जनवरी २०२४ देखी १ बर्षको लागि सन्चालन गरिरहेको छ । यस परियोजनाको साझेदारी संस्था सि. आइ. एल काठमाडौं तथा राष्ट्रिय आदिवासी जनजाती महिला संघ नेपालसगँ मिलेर परियोजनाका कार्यहरु गरिरहेको छ । उक्त परियोजनाको एक क्रियाकलाप मध्ये सस्थागत विकास तथा मुल्याङ्कन कार्यक्रम होटल हार्दिक बागबजारमा सम्पन्न गरेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य संस्थाको वर्तमान अवस्थाको मुल्याङ्कन गरि आगामी दिनमा संस्थाको बृहत्तर विकासका लागि रणनिती तथा योजना बनाउनु रहेको थियो । यस कार्यक्रममा संस्थाका सबै पदाधिकारी तथा कर्मचारीहरु संस्थाको लक्ष्य, उद्देश्य र रणनीतिक योजना लगायतका नीतिहरु, संस्थाका पदाधिकारीहरुको कार्यकाल तथा दोहोरीने समयावधि, कार्यसमितिको भुमिका र जिम्मेवारी, पदाधिकारीहरु आफ्नो काम कर्तव्य र अधिकार प्रतिको जानकारी, कार्यसमितिमा दलित समुदाय, मधेसी मुदायको सहभागीता , संस्थाको नीति तथा आचार संहिता कार्यान्वयनको अवस्थाको मुल्याकंन तथा समिक्षा गर्ने परीपाटि, कर्मचारीहरुको आवश्यकता अनुसारको क्षमता विकास, संस्थाको स्वयंमसेवक परीचालन सम्बन्धि बिशिष्टिकृत नीति तथा कार्यबिधि, समुदायको पृष्ठपोषण लिने बिभिन्न |

| | | |
|---|---|---|
| | | पद्दतीको बिकास उक्त पद्दतीको कार्यान्वयन, समाजिक लेखा परिक्षण लगायतका विषयमा गम्मीर छलफल गरिएको थियो । |
| १९. | २०८०/१२/०२ | ***जनचेतनामुलक ह्विलचियर बास्केटबल कार्यक्रम कान्तीभैरव स्कुल***<br><br>मिति २०८० चैत २ गते शुक्रबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले कागेश्वरी मनोहरा नगरपालिकाको सहयोग तथा श्री कान्ति भैरव माध्यमिक विद्यालय थलि को सहकार्यमा SCI Network Vs BIA बिच सचेतना मुलक ह्वीलचियर बास्केटबल खेल आयोजना गर्न सफल भएको छ । उक्त खेलमा कान्ति भैरव स्कुलका विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु, उक्त नगरपालिकाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्ति तथा उनिहरुको परिवार र स्थानिय बासिन्दाहरुको उल्लेख्य सहभागिता रहेको थियो । अपाङ्गता भएका व्यक्तिहरु प्रति समुदायमा सचेतना गराउनु साथै भविष्यका कर्णाधार स साना विद्यार्थीहरुलाई खेलकुदको माध्यमबाट अपाङ्गता सम्बन्धी जानकारी गराउन खेल आयोजना गरिएको थियो । |
| २०. | २०८०/१२/१७ | ***जनचेतनामुलक ह्विलचियर बास्केटबल कार्यक्रम बुढानिलकण्ठ***<br><br>मिति २०८० चैत १७ गते शुनीबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले बुढानिलकण्ठ नगरपालिकाको सहयोग तथा श्री बुढानिलकण्ठ स्कुलको सहकार्यमा SCI Network Vs TAC बिच सचेतना मुलक ह्वीलचियर बास्केटबल खेल आयोजना गर्न सफल भएको छ । उक्त खेलमा उक्त स्कुलका विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु, उक्त नगरपालिकाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्ति तथा उनिहरुको परिवार र स्थानिय बासिन्दाहरुको उल्लेख्य सहभागिता रहेको थियो । अपाङ्गता भएका व्यक्तिहरु प्रति समुदायमा सचेतना गराउनु साथै भविष्यका कर्णाधार स साना विद्यार्थीहरुलाई खेलकुदको माध्यमबाट अपाङ्गता सम्बन्धी जानकारी गराउन खेल आयोजना गरिएको थियो । उक्त खेलमा मेयर, उपमेयर, अपाङता समन्वय समिती, महिला तथा सामाजिक शाखाका बाट उपस्थिति रहेको थियो । |
| २१. | २०८०/१२/१८ | ***माननिय शिक्षा मन्त्रीज्यू लाई ज्ञापन पत्र***<br><br>माननिय शिक्षा मन्त्री सुमना श्रेष्ठज्यूलाई उहाँको कार्यकक्षमा भेटी अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा सम्बन्धी समस्याहरुको बारेमा ज्ञापन पत्र बुझाइयो । |

| | | |
|---|---|---|
| २२. | २०८०/१२/१८ | ***<u>सीपमुलक तालिम सन्चालन तथा सामाग्री व्यवस्थापन सम्बन्धी</u>***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले सामाजिक विकास मन्त्रालय, वाग्मती प्रदेशको आर्थिक (तीन लाख रुपैया) सहयोगमा तीन महिने (२०८० साल पौष १८ देखि चैत्र १९ गतेसम्म) आधारभुत कम्प्युटर तालिम तथा मेरुदण्ड पक्षघात भइ ह्वीलचियर प्रयोग गर्ने व्यक्तिहरुलाई जेली कुसन वितरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त कम्प्युटर तालिम नेपाल अपाङ्ग संघको खगेन्द्र नवजीवन विशेष शिक्षा माध्यामिक विद्यालयको कम्प्युटर ल्यापमा संचालन गरिएको थियो । उक्त ल्याव पूर्ण अपाङ्गता मैत्री तथा प्रशिक्षार्थीहरुका लागि पर्याप्त कम्प्युटरको व्यवस्था गरिएको थियो ।<br><br>उक्त कार्यक्रममा १० जना मेरुदण्ड पक्षघात भइ अपाङ्गता भएका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको सहभागि भएका थिए । तालिम दिनको ठीक १२ वजेदेखि २ बजेसम्म हप्तामा ६ दिन भएको थियो ।<br><br>त्यसैगरी २०८० साल चैत्र ३० गते, दिनको ठिक २:३० वजे आधारभुत कम्प्युटर तालिमको समापन कार्यक्रम पारेर देशको विभिन्न स्थानमा रहेका तर आवश्यक कुसनको अभावमा विभिन्न समस्याहरु झेलिरहेका मेरुदण्ड पक्षघात भइ ह्वीलचियर प्रयोग गर्ने व्यक्तिहरुलाई उनीहरुको दैनिक जीवनमा सहज होस् भन्ने हेतुले वाग्मती जिल्लामा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई प्रथामिलामा राखि २४ वटा जेली कुसन समेत वितरण गरिएको थियो । यस्तो खालको कुसनको प्रयोगले घाउबाट बच्ने र दैनिक जीवनमा सहजता ल्याउने उनीहरुको भनाइ रहेको छ। यस्ता किसिमको तालिम तथा कुसन वितरण कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुलाई अत्यान्तै आवश्यक देखिएकोले यस्ता कार्यलाई निरन्तरता दिनसके अझै वढी भन्दा बढी व्यक्तिहरु प्रत्यक्ष लाभन्वित हुने देखिन्छ ।<br><br>उक्त कार्यक्रमको उट्घाटन तथा समापन र सामाग्री वितरण गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष नन्दलाल श्रेष्ठज्यूले गर्नु भएको थियो । |

| | | |
|---|---|---|
| २३. | २०८०/१२/२७ | ***महिला बालबालिका तथा जेष्ठ नागारिक मन्त्रालय र अर्थ मन्त्रालयमा वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधिहरुले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननिय मन्त्री, सचिव तथा अर्थ मन्त्रीका प्रमुख आर्थिक सल्लाहकारज्यूहरुलाई भेटी यस मेरुदण्डीय पक्षघात समुह नेपालको अपाङ्गता मैत्री भवन निर्माणको सम्बन्धमा जानकारी, बजेट माग तथा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार, तथा सहायक सामाग्रीको बारेमा जानकारी गराइयो । |
| २४. | २०८१/०१/१८ | ***रोटरी क्लब अफ पाटनले यलमाया केन्द्र पाटनमा मेरुदण्डीय पक्षघातको बारेमा जानकारी तथा छलफल कार्यक्रम***<br><br>रोटरी क्लब अफ पाटनले यलमाया केन्द्र पाटनमा आयोजना गरेको कार्यक्रममा मेरुदण्डीय पक्षघात समुह नेपालले मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शारीरिक, सामाजिक, पारिवरिक, मनोसामाजिक आदि बारेमा प्रस्तुतिकरण गर्नुको साथै संस्थाको विगत, बर्तमान र भावि योजनाका बारेमा  रोटरि क्लब अफ पाटनका पदाधिकारिहरु बीच विचारहरु राख्ने तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरियो । यस अर्न्तरक्रियात्मक कार्यक्रमबाट आगामी दिनमा विभिन्न रोटरी क्लबहरु सँग कसरी सहकार्य समन्वय गर्ने भन्ने विषयमा पनि छलफल गरिएको थियो । |
| २५. | २०८१/०१/१८ | ***पहुँचयुक्तता र सर्वमान्य ढाँचाको सम्बन्धमा बृहत वकालत तथा योजना तर्जूमा कार्यशाला गोष्ठी***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले DRF/DRAF को परियोजना अर्न्तरगत यस सस्थांले पहूँचयुक्तता र सर्वमान्य ढाँचाको विषयमा होटल पेन्सन वासनामा एक दिने वकालत तथा योजना तर्जूमा कार्यशाला गोष्ठी आयोजना सम्पन्न गरेको छ । यस कार्यशाला गोष्ठिले मेरुदण्डीय पक्षघात समुह नेपालले आगामी दिनहरुमा कुन ठाँउमा वकालत गर्ने कसरी प्राथमिकता निर्धारण गर्ने, कहिले गर्ने, कसरी गर्ने, कसले नेतत्व गर्ने लगायतका विषयमा छलफल तथा योजना तयार गरियो । |
| २६. | २०८१/०१/३१ | ***मुख्य मन्त्री* तथा भौतिक योजना तथा पूर्वाधार विकाश *मन्त्रालयमा वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको प्रतिनिधिहरुले बागमती प्रदेशका माननिय मुख्य मन्त्री कार्यालयका सचिवज्यू तथा भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयका माननिय मन्त्रीहरुलाई उहाँहरुको कार्यालयमा भेटेर मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको सवालहरुलाई सम्बोधन गर्न तथा प्रदेशको आ.व. को निति तथा कार्यक्रम साथै बजेट विनियोजनको लागि माग |

| | | |
|---|---|---|
| | | पत्र पेश गरियो । साथै मेरुदण्डीय पषघात समुह नेपालकोको भवन निर्माणको लागि प्रस्तावना पेश गरियो । |
| २७. | २०८१/०१/२५ | ***<u>व्यक्तिगत सहयोगि सेवाा सम्बन्धी भर्ना कार्यक्रममा सस्थांगत सहभागिता</u>***<br><br>तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका निवासी मेरुदण्ड पक्षघातको कारण पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति श्री दिपक भण्डारीज्यूले राज्यबाट कानुनमा व्यवस्था भए बमोजिमको व्यक्तिगत सहयोगी सेवा र नापजाँच अनुसारको उपयुक्त सहायक सामाग्री नि:शुल्क रूपमा उपलब्ध गराउनु पर्ने माग राख्दै मिति २०८० चैत ०६ गते देखि रत्नपार्क स्थित शान्तिबाटिकाको फुटपाथमा अनिश्चितकालिन धर्नामा बस्दै आउनुभएको छ । राज्यका नागरिकलाई कानुनमा उल्लेख भए बमोजिमको अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो । त्यसैले निज दिपक भण्डारीले गर्नु भएको जायज मागहरू यथासिघ्र पुरा गर्न सरकारका विभिन्न तह र निकायहरु समक्ष हार्दिक अनुरोध गर्दछौ ।<br><br>नेपाल पक्ष राष्ट्र भई संसदबाट सन् २००९ मा अनुमोदन भएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी २००६ को धारा १९ र २०, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ९ र १८ एवं नियमावली २०७७ को नियम ९ मा व्यवस्था भएका प्राबधानहरू लागू गरियोस भन्दै यस सस्थांको नेतृत्वमा दवाव मुलक र्‍याली आयोजना गरियो । उक्त आन्दोलमा ४० जना भन्दा बढी मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको सहभागिता रहेको थियो । |
| २८ | २०८१/०२/०१<br><br>**देखी २०८१ ऋसार मसान्त सम्म** | ***<u>महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुका लागि आय आर्जन तथा रोजगार उन्मुख कार्यक्रमको</u>***<br><br>यस मेरुदण्डीय पक्षघात समुह नेपाललाई गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/१/०४ गतेको निर्णय अनुसार लक्षित कार्यक्रम सन्चालन सम्बन्धी सम्झौता अनुसार मेरुदण्डीय पक्षघात समुह नेपाल र गोकर्णेश्वर नगरपालिका बिच मिति २०८१/०१/२३ गते मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुका लागि आय आर्जन तथा रोजगार उन्मुख कार्यक्रम संचालन को सम्झौता भई सम्झौता अनुसारको कार्य सम्पन्न गरेको छ । सो सम्झौता अनुसार मेरुदण्डीय पक्षघात समुह नेपालले मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि एडभान्स कम्प्युटर तालिम, अङ्ग्रेजी भाषाको कक्षा, सिलाई |

| | | |
|---|---|---|
| | | कटाई सम्बन्धी तालिम, भर्चूअल प्रविधिबाट लोकसेवा तयारी कक्षा, कपडाको झोला बनाउने तालिम तथा उनको सामान बनाउने तालिम सम्पन्न गरेको छ ।<br><br>शैक्षिक योग्यता तथा सिप भएका व्यक्तिहरुले ढिलो चाडो साना-साना तथा नगन्य मात्रामा केही अपाङ्गता भएका व्यक्तिहरुले राम्रो सम्मानजनक तथा प्रतिष्ठीत काम गरेका छन । तर बिडम्बना आर्थिक रुपमा बिपन्न, अशिक्षित परिवार, भौगोलिक रुपमा कठिनाई, शैक्षिक योग्यता नभएका अपाङ्गता भएका व्यक्तिहरु आर्थिक रुपमा परनिर्भर हुनु परेको छ । अपाङ्गता भएका व्यक्तिहरु पनि उनिहरुको योग्यता क्षमता रुची अनुसारको उपयुक्त सिपमुलक तालिमको अवसर पाएमा आर्थिक रुपमा स्वावलम्बन हुन सक्दछन् र समाजमा अरु नागरिक जस्तै  सम्मान पुर्वक रहन सक्दछन् । आफ्नो परिवार तथा राष्ट्रलाई योगदान गर्न सक्दछन ।<br>अपाङ्गता मैत्री भौतिक संरचनाको अभावको कारण अति अशक्त तथा सहायक सामाग्रीको सहयोगले हिडडुल गर्नु पर्ने व्यक्तिहरुले धेरै कठिनाई भोग्नु परेको छ । शिक्षा हासिल गर्न पनि उत्तिकै समस्या रहेको छ भने धेरै दुख कठिनाई गरेर शिक्षा हासिल गर्न सफल भएता पनि रोजगार मुलक तालिमको अभावले अपाङ्गता भएका व्यक्तिहरु आर्थिक रुपमा अन्य व्यक्तिहरुमा आश्रित हुनुपरेको छ । तसर्थ यस परियोजनाले लक्षित वर्गलाई मध्यनजर गरि उनिहरुलाई यस तालिम पश्चात रोजगारीमा आबद्ध गराउन विशेष भुमिका खेल्ने उद्देश्यका साथ सन्चालित यस तालिमले लक्षित अपाङ्गता भएका व्यक्तिलाई उनिहरुले चाहे बमोजिमको तालिम प्राप्त गरि आर्थिक रुपमा स्वावलम्बन बन्नको लागि सहयोग गरेको छ ।<br><br>यस कार्यक्रम बाट २०० जना मेरुदण्ड पक्षघात भएका र उनीहरुका परिवार प्रत्यक्ष रुपमा लाभान्भित हुन सफल भएका छन । यस मेरुदण्डीय पक्षघात समुह नेपालले विगतमा मेरुदण्ड पक्षघात भई अपाङता भएका तथा शारिरिक अशक्तताको कारण ह्विलचियर प्रयोग कर्ता अपाङता भएका व्यक्तिहरुलाई लेप्रोसि मिसन फाउन्ड प्रोजेक्ट सगं सहकार्य गरि सुबिसु इन्टरनेट तथा प्रभु डिजिटल लगायतको सेवा लगायतका निजी कम्पनीहरुमा कम्प्युटरको माध्यमबाट घरमै बसेर काम गर्न मिल्ने गरि अपाङता भएका व्यक्तिहरुलाई रोजगारीमा आबद्ध गराउने कार्यमा सहकार्य गरेको थियो । घरबाट गर्न सकिने त्यस्ता धेरै अवसरहरु छन जसको लागि अङग्रेजी तथा कम्प्युटरको ज्ञान हुनु अनिवार्य छ । तसर्थ यस परियोजनाको मुख्य लक्ष्य उक्त तालिम उपलब्ध गराई |

| | | |
|---|---|---|
| | | उनिहरुलाई रोजगारीको लागि सक्षम बनाउनु रहेको छ । साथै अनलाइन मार्फत घरबाट गरिने काम अपाङता भएका व्यक्तिहरुको लागि अति उपयुक्त काम हो ।<br><br>ह्विलचियर प्रयोगकर्ता अतिअशक्त तथा सामान्य अपाङता भएका व्यक्तिहरु, आर्थिक रुपमा विपन्न तथा भौगोलिक रुपमा विकट स्थानका अपाङता भएका व्यक्तिहरु, शैक्षिक योग्यता भएका तथा नभएका अपाङता भएका व्यक्तिहरु, समाज तथा परिवारबाट अलग गरिएका तथा पारिवारीक विदेभमा परेका अपाङता भएका व्यक्तिहरु, विभिन्न अपाङताको कारण ह्विलचियर प्रयोग गर्ने व्यक्तिहरुलाई उक्त तालिममा विशेष प्राथमिकता दिइएको थियो । सिप सिकेर आर्थिक रुपमा स्वावलम्वन भई समाजमा अन्य नागरिक सरह जिवन जिउन चाहने व्यक्तिहरुलाई निशुल्क गुनस्तरिय तालिम तथा तालिम पश्चात बिउ पुजिको रुपमा कम्प्युटर सिक्ने व्यक्तिहरुलाई कम्प्युटर तथा सिलाई सिक्ने व्यक्तिहरुलाई सिलाई मेसिन उपलब्ध गराउने हुदाँ लक्षित वर्गलाई यस परियोजनाले आर्थिक आय आर्जन तथा रोजगारीमा प्रत्यक्ष सहयोग गर्ने मुख्य उद्देश्य लिएर विभिन्न सघं सस्थाहरु सगँ समन्वय गर्दै तालिमहरु सन्चालन गरि सम्पन्न गरेको छ ।<br><br>शारिरिक रुपमा अपाङ्ता भएका व्यक्तिहरु विशेष गरी ह्वीलचियर प्रयोगकर्ता भएका व्यक्तिहरु, ह्वीलचियरको सहायता विना कतै हिडडुल गर्न नसकी घर भित्रै सिमित हुनु पर्ने अवस्था ह्वीलचियर विना उनिहरु पुर्ण रुपमा अरुको सहायतामा निर्भर रहनु, ह्वीलचियर विना आफ्नो  दैनिक क्रियाकलाप गर्न असमर्थ हुनु ह्वीलचियर मैत्री संरचनाको अभावको कारण अपाङता भएका व्यक्तिहरु विभिन्न तालिम लिन बाट बन्चित भएको कारण विभिन्न राजगारीको अवसर बाट पछाडी पर्नु परेको अवस्था छ । साथै अपाङ्ता भएका व्यक्तिहरु भौतिक संरचना अपाङ्ता मैत्री नहुनु, रोजगारीको अवसर नहुनु लगायतको कारण आर्थिक रुपमा परनिर्भर हुनु परेको अवस्था । आफु ह्वीलचियरमा बसेर घरमै बसेर गर्न सकिने सिप तथा रोजगार पाएमा उनिहरु स्वावलम्बन हुनुका साथै परिवारमा पनि टेवा पुराउन सक्दछन । र यी माथि उल्लेखित समस्या तथा आवश्यकताहरुलाई मध्यनजर गर्दै मेरुदण्डीय पक्षघात समुह नेपालले उनिहरुको रुचि तथा आवश्यकता अनुसार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र गोकर्णेश्वर नगरपालिकाको आर्थिक सहयोगमा यी कार्यक्रमहरु सम्पन्न भएको थियो । यस कार्यहरु सन्चालन गर्नको लागि खगेन्द्र नवजिवन विशेष शिक्षा माध्यमिक विद्यालय, स्पाइनल इन्जुरी सघं इटहरी, Apex Educational |

| | | |
|---|---|---|
| | | Academy, अपाङ्ग सेवा केन्द्र तारकेश्वर साथै बि.आई.ए सस्थांहरु सगँ संस्थागत सहकार्य गरी उल्लेखीत तालिमहरु सन्चालन गरिएको थियो । |
| २४ | २०८१/०२/०८ | ***<u>जनचेतनामुलक ह्विलचियर बास्केटबल खेल चन्द्रागिरी नगरपालिका</u>***<br><br>आजका बालबालिका भबिष्यका देशको कर्णधार हुन । सयौं भबिष्यका कर्णाधारहरु लाई खेलकुदको माध्यमबाट अपाङ्गताको बिषयमा सचेतना गर्ने कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रम चन्दागिरि नगरपालिका मेयरज्यू, उपमेयरज्यू, महिला तथा सामाजिक शाखा प्रमुखज्यू हरुको सहयोग तथा एआइ सेकेन्डरी स्कुलको सहकार्ययमा सम्पन्न गरिएको थियो । उक्त खेल टिम नेपाल आर्मी तथा टिम नेटवर्क बिच खेल प्रदर्शन गरिएको थियो । |
| २५ | २०८१/०२/०८ | ***<u>जनचेतनामुलक ह्विलचियर बास्केटबल खेल नागार्जुन नगरपालिका</u>***<br><br>मिति २०८१ जेष्ठ ०८ गते शुक्रबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले नागार्जुन नगरपालिकाको सहयोगमा साही नगरपालिका वडा नम्बर २ मा अवस्थित निक एकेडेमीमा SCI Network Vs JWSC बिच सचेतना मुलक ह्वीलचियर बास्केटबल खेल आयोजना गर्न सफल भएको छ । उक्त खेल  स्कुलका विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु, वडा नम्बर २ का वडा अध्यक्ष, महिला तथा सामाजिक शाखा प्रमुखहरुको सहभागिता उक्त खेल सम्पन्न भएको थियो । |
| | २०८१/०२/११ | ***<u>Consultation Meeting with engage Regarding Global warming and story telling</u>***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपाल द्वारा सन्चालित होस्टेलमा आवासिय विद्यार्थीहरुलाई विश्व तापमानमा भएको वृद्धिले अपाङ्गता भएका व्यक्तिहरुको लागि के कस्ता असर गरिरहेको छ साथै प्रकाभकारी रुपमा आत्मविश्वासका साथ कसरी आफ्नो कथा सेयर गर्ने लगायत विषयमा Engage Nepal का प्रतिनिधी हरु सगँ छलफल सम्पन्न गरियो । साथै गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षको उपस्थितीमा २ वटा स्पोर्ट ह्वीलचियर समेत हस्तान्तरण मेरुदण्डीय पक्षघात समुह नेपालको ह्वीलचियर बास्केटबल टिमलाई हस्तान्तरण गरिएको थियो । |
| | २०८१/०२/१३ | ***<u>शशस्त्र प्रहरी बल प्रधान कार्यालयमा छलफल कार्यक्रम</u>***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले शशस्त्र प्रहरी प्रधान कार्यालय हल चोकमा शशस्त्र प्रहरी बलका AIG लगायतका उच्च पदस्थ पदाधिकारीज्यूहरु सगँ अपाङ्गताको विषयमा जानकारी तथा संस्थाको क्रियाकलापको बारेमा जानकारी गराउनुका साथै शशस्त्र प्रहरी बल |

| | | |
|---|---|---|
| | | बाट यस संस्थाको लागि कसरी सहयोग तथा सहकार्य गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो । |
| | २०८१/०२/१७ | ***जनचेतनामुलक ह्वीलचियर बास्केटबल ( शंखरापुर नगरपालिका )***<br><br>मिति २०८१ जेष्ठ १७ गते शुक्रबारको दिन मेरुदण्डीय पक्षघात समुह नेपालले शंकरापुर नगरपालिकाको सहयोगमा सोही नगरपालिकाको श्री बज्रयोगिनी माध्यमिक विद्यालयमा SCI Network Vs JWSC महिला टिम बिच सचेतना मुलक ह्वीलचियर बास्केटबल खेल आयोजना गर्न सफल भएको छ । उक्त खेलमा स्कुलका विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु उक्त नगरपालिकाका मेयरज्यूको उपस्थिति रहेको थियो । |
| ३१ | | ***भवन निर्माण सम्बन्धी कार्य***<br><br>राष्ट्रिय शहिद तथा शान्ति पार्क निजामती स्मारक यज्ञडोल जगडोल तथा गोकर्णेश्वर नगरपालिकाको समन्वयमा गोकर्णेश्वर नगरपालिका वडा ९ जगडोल मा यस मेरुदण्डीय पक्षघात समुह नेपालको अपाङ्गमैत्री भवन निर्माणको लागि उपलब्ध गराइएको जग्गाको नगरपालिका तथा वडा कार्यालयबाट नापजाचँ सम्पन्न भएको । साथै भवन निर्माणको लागि भौतिक योजना तथा पूर्वाधार मन्त्राालय बागमती प्रदेशबाट आर्थिक बर्ष २०८०/८१ को लागि विनियोजित बजेटबाट उक्त मन्त्रालय अर्न्तरगतको शहरी विकास तथा भवन कार्यालयबाट सस्थांको भवन निर्माणको लागि छुट्याइएको जग्गामा बाउन्डी वाल तथा गार्ड हाउसको निर्माण कार्य सम्पन्न भएको छ । साथै पूर्ण अपाङ्गता मैत्री भवनको लागि DPR समेत सम्पन्न भएको छ । |
| ३२ | | **सातै प्रदेशमा मेरुदण्ड पक्षघात सम्वन्धी सञ्जालहरु फर्मेशन तथा मासिक रुपमा अनलाइन मिटिङ्ग**<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको निरन्तर पहल छलफल सल्लाह सुझाव तथा भेटघाट बाट सात वटै प्रदेशहरुमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरु आवद्ध भई सस्थां दर्ता गरी आफ्नो हक अधिकारको लागि कार्य गरिरहनु भएको छ । साथै हरेक महिना सबै प्रदेशका पदाधिकारीज्यूहरु भर्चुअल मिटिङ बस्ने तथा नया योजनाहरु बनाउने छलफल गर्ने कार्यहरु निरन्तर रुपमा भइरहेका छन । |
| ३३. | | **मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको तथ्याङ्क संकलन**<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले स्पाइनल इन्जुरी सघं नेपाल, स्पाइनल इन्जुरी भएका व्यक्तिहरुको प्रादेशिक सघंहरु, राष्ट्रिय अपाङ महासघं नेपाल, तथाङक विभाग, विभिन्न अपाङता सम्बन्धी सघं सस्थां तथा व्यक्तिहरु सँग मिलेर डाटा संकलनको काम गरिरहेको छ । हाल सम्म सबै प्रदेशका गरि लगभग १५०० जना मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको डाटा सकंलन गर्न |

| | | |
|---|---|---|
| | | सफल भएका छौ भने यस कार्य निरन्तर रुपमा अघि बढिरहेको छ । यस कार्य कार्य लाई कसरी प्रभावकारी तथा डाटा हरुको सुरक्षा र उचित व्यवस्थापन गर्ने भन्ने विषमा विज्ञहरुसँग परामर्श भइरहेको छ । डाटा संकलनको मुख्य उद्देश्य नेपालमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको सख्या एकिन गरि उनिहरुको सेवा सुविधा तथा नितिनिर्माणमा सम्बन्धीत निकायलाई जिम्बेवार बनाउनु रहेको छ । |
| ३४. | | **मेरुदण्ड पक्षघातको थप वर्गमा वकालत**<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले विद्यमान अपाङ्गताको वर्गिकरणमा मेरुदण्ड पक्षघातको कारण अपाङ्गता भएका व्यक्तिहरुलाई शारिरिक अपाङ्गता भित्र राखेको अवस्था छ । शारिरिक अपाङ्गता भित्र राख्दा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको समस्या तथा सवालहरु सम्बन्धीत मन्त्रालय तथा निति निर्माणमा सार्थक सम्बोधन हुन सकिरहेको छैन । मेरुदण्ड पक्षघात जस्तो जटिल अवस्थालाई उचित सम्बोधन गर्नको लागि मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको छुट्टै वर्गको लागि निरन्तर रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननिय मन्त्रीज्यू, श्री सचिवज्यू, श्री सह सचिवज्यू, उप सचिवज्यू, राष्ट्रिय अपांग महासघं, सबै प्रकारका अपाङता भएका सघं सस्थाहरु सघं निरन्तर पैरवी तथा छलफल गरिरहेका छौ । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले छिट्टै अपाङता सम्बन्धी ऐन परिमार्जन गर्दै छ र त्यसमा मेरुदण्ड पक्षघातको कारण अपाङता भएका व्यक्तिहरुको छुट्टै वर्ग हुनुपर्छ भनेर हामीले निरन्तर प्रयास गरिरहेका छौ । |
| **अन्य कार्यक्रमहरु** | | मेरुदण्डीय पक्षघात समुह नेपालले विगत ८ बर्ष देखी मेरुदण्ड पक्षघातको कारण अपाङ्गता भएका दुर्गम स्थानका पढाइको अवसरबाट बञ्चित विद्यार्थीहिरुलाई आवासिय व्यवस्था गरि अध्ययनको व्यवस्था गरिरहेको यहाँहरुलाई अवगत नै छ । यस आवास सन्चालनको लागि गोकर्णेश्वर नगरपालिका, पारिजात सहकारी, नेपाल प्रहरी श्रीमती सघं, सस्थांका सल्लाहकारज्यूहरु, विभिन्न समाजसेवी व्यक्तित्वहरु, विभिन्न रोटरी क्लबहरु, सघं सस्थांहरुको विभिन्न किसिमका सहयोग, सस्थांका पदाधीकारीहरुको निस्वार्थ निरन्तर गृहकार्य, शुभचिन्तक तथा स्वदेशी र विदेशी सहयोगी दाता हरुको सहयोग सदभाव तथा सल्लाहले यस सस्थांका गतिविधिहरुले निरन्तरता पाइरहेका छन । |

## कार्यक्रमको प्रगति

यस संस्थाले मेरुदण्ड पक्षघात भएका १५ जना विद्यार्थी हरुलाई लाइ independent living practice home मार्फत अपाङ्ग मैत्री वातावरणमा पढ्ने व्यवस्था गर्नुका साथै अपाङ्गता सम्बन्धी वकालत जनचेतना लगायत बिभिन्न कार्यक्रम गर्न सफल भएको छ। स्थानिय सरकार, प्रदेश सरकार तथा सघिंय सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय अपाङ महासघं, निडवान, सि.आई.एल, DRF/DRAF, विभिन्न प्रकारका अपाङता भएका व्यक्तिहरुको सघं सस्थांहरु, प्रादेशिक स्पाइनल इन्जरी सस्थांहरु, मेरुदण्ड पक्षघातको क्षेत्रमा काम गर्ने सस्थांहरु र विभिन्न सरोकारवाला, सघं संस्था, दातृनिकाय हरुसंगको समन्वयमा बृद्धि भएको छ।

**भावि कार्यक्रम तथा योजनाहरु**

- मेरुदण्डीय पक्षघात समुह नेपालको आफ्नैभवन निर्माणको लागि आवश्यक कार्य गर्ने ।
- मेरुदण्ड पक्षघात सम्बन्धी जनचेतना जगाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ, खेलकुद, संचार, रोजगार जस्ता विषयहरुमा छलफल गर्ने र कार्यान्वयनमा पहल गर्ने ।
- पुनर्स्थापना तथा घाउ सर्जरीको लागि अस्पतालहरुसँग सहकार्य गर्ने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको मुख्य साझा समस्या तथा आवश्यकता पहिचान गरी सम्वधीत निकायमा वकालत गर्ने ।
- भैतिक संरचनालाई पहुँचयुत्त बनाउन सम्वन्धीत निकायमा पहल गर्ने । विद्यालय, कलेज, विश्वविद्यालय आदि
- SCI data collection तथा प्रदेशहरुमा स्पाइलन इन्जरी संघहरु सँगको सहकार्य तथा प्रादेशिक गतिविधिहरुमा विस्तार गर्ने
- अपाङ्गमैत्री फुटपाथको विस्तारमा निरन्तर काम गर्ने ।
- AccessibleNepal.com सँग मिलेर अपाङ्गमैत्री पर्यटनको लागि आवश्यक काम गर्ने ।
- रोजगारमुलक, आयआर्जनमुलक तालिमको सञ्चालन गर्ने ।
- संस्थागत विकास मुल्याङ्कन कार्यक्रमको छलफलबाट आएका सुझावहरुको योजना बद्ध रुपमा कार्यान्वियन गर्ने
- पहुँचयुक्तता र सर्वमान्य ढाँचाको सम्बन्धमा बृहत वकालत तथा योजना तर्जूमा कार्यशाला गोष्ठीका योजनाहरु कार्यान्वयन गर्ने

अन्त्यमा संस्थाका कार्यसमितिकम सम्पुर्ण पदाधिकारी ज्युहरु, तथा यस वर्ष हाम्रो संस्थाले गरेका प्रत्येक कार्यक्रमहरु सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने संघ संस्था तथा व्यक्तिहरु प्रति आभारी भइ संस्थाको विकासमा टेवा पुऱ्याउन सहयोग गर्नुहुने दात्री निकायहरु साझेदार संस्थाहरु, कार्यसमितिका पदाधिकचारीज्युहरु, आजिवन सदस्यज्युहरु, कर्मचारिज्युहरु, स्वयं सेवकज्युहरु तथा सबै सरोकारवाला संस्था र व्यक्तिहरुलाई धन्यवाद दिन चाहान्छु र आगामी दिनहरुमा पनि यस्तै प्रकारको साथ र सहयोग मिल्ने अपेक्षा राख्दछु । माथि उल्लेखित कार्यहरु यस संस्थाका

कार्यसमितिको सदस्यहरुको सक्रिय र निरन्तर सहयोग र साथबाट मात्र सफल हुन सकेको हुदाँ सम्पुर्ण सदस्यहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

केशव थापा
**महासचिव**
मेरुदण्डीय पक्षघात समूह नेपाल
गोकर्णेश्वर न. पा. ०८ माकलवारी काठमांडौ